" कृषि, उर्जा, पर्यटन र प्रविधि; हिलिहाङ गाउँपालिकाको समृद्धि "

# हिलिहाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

पञ्चथर

कोशी प्रदेश, नेपाल

अध्यक्ष :- ९८५२६८११७२
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र.प्र.अ :- ९८५२६८४४७७

## समुदायमा आधारित पुन:स्थापना सहजकर्ता पदका लागि दरखास्त आह्वान गरिएको सूचना

सूचना नं. ३४/०८०-०८१

प्रथम पटक प्रकाशन मितिः २०८०/०८/१०
दोश्रो पटक प्रकाशन मितिः २०८०/११/२७

यस हिलिहाङ गाउँपालिकाले कोशी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय र उक्त मन्त्रालयले कार्यक्रम सञ्चालनका लागि छनोट गरेको कार्यक्रमको साझेदार संस्थासँगको लागत साझेदारीमा सञ्चालन गर्न लागेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमको लागि आवश्यक तपसिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले न्यूनतम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट दरखास्त फाराम भर्न आह्वान गरिएको छ। गाउँपालिकाले तोकेको दरखास्त फाराममा भर्नु पर्ने सम्पूर्ण विवरणहरू भरी पासपोर्ट साईजको फोटो २(दुई) प्रति टाँस गरी सोका साथ आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको अन्तिम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैंक भौचर/SuTRA को अर्धकट्टी तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरी पन्ध्र दिनभित्र गाउँपालिकाको कार्यालय समक्ष पेश गर्नु पर्नेछ।

रीत नपुगेको, तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता नभएको र तोकिएको परीक्षा दस्तुर नबुझाएका दरखास्त उपर कुनै कारवाही हुने छैन। साथै, प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरूको दरखास्त उपर कुनै कारवाही हुने छैन। झुट्टा विवरण उल्लेख गरी दरखास्त फाराम भरेमा सोको जवाफदेही दरखास्तवाला स्वयं हुनु पर्नेछ।

### तपसिल

**१. विज्ञापन नं., पद, माग संख्याः**

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या |
|---|---|---|---|
| १ | ३/२०८०-८१ | समुदायमा आधारित पुनःस्थापना(सिविआर) सहजकर्ता | १(खुला) |

२. **सेवाको किसिम**:- अस्थायी (करार सेवा)

३. **आवश्यक न्यूनतम शैक्षिक योग्यता र अनुभव**

क) नेपाली नागरिक,

ख) मान्यताप्राप्त शिक्षण संस्थाबाट न्यूनतम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको,

ग) पुरुषको हकमा १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको,

घ) सम्बन्धित स्थानीय तहको स्थायी वासिन्दा हुनुपर्ने। तर, छनौट गर्दाका बखत उल्लिखित योग्यता भएका स्थानीय व्यक्तिबाट निवेदन नआएमा जिल्लाका अन्य स्थानीय तहमा रहेका योग्यता पुगेका व्यक्तिहरू मध्येबाट यस मार्गदर्शन बमोजिमको प्रक्रिया पुरा गरी सहजकर्ता छनौट गर्न बाधा नपर्ने,

ङ) नियमित रूपमा तोकिएको फिल्डमा गएर काम गर्न सक्ने,

च) नियमित रूपमा अपाङ्गता भएका व्यक्तिहरूको घरैमा गएर अपाङ्गता भएका व्यक्ति र निजका परिवारलाई आवश्यक परामर्श, सहजीकरण र समन्वय गर्न सक्ने,



दीपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

छ) कम्प्युटर तथा कागजी दुवै स्वरूपमा तथ्याङ्क व्यवस्थापन र प्रतिवेदन तयार गर्न सक्ने।

४. **तलव, सुविधा तथा अन्य सेवा शर्त**: तलव नियमानुसार र अन्य सेवासुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ।

५. **उम्मेद्वारको उमेर**

(क) महिला र अपाङ्गता भएका व्यक्तिहरूको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०८०/१२/११) सम्ममा १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको।

(ख) पुरुषको हकमा दरखास्त दिन अन्तिम मिति (अर्थात मिति २०८०/१२/११) सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको।

६. **उम्मेद्वारको छनौट विधि**: लिखित परीक्षा, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता।

७. **दरखास्त फाराम प्राप्त गर्ने र बुझाउनु पर्ने स्थान**

हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वा कार्यालयको वेवसाइट www.hilihangmun.gov.np मा गई नमुना फारामहरू->"सिविआर दरखास्त फाराम" डाउनलोड गर्न सकिनेछ। हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वा कार्यालयको ईमेल info@hilihangmun.gov.np मा स्क्यान गरी पठाउन सकिनेछ।

८. **परीक्षा दस्तुर**: रू. ५००/- (अक्षरेपी पाँच सय रूपैयाँ मात्र)

९. **परीक्षा दस्तुर बुझाउने प्रक्रिया**: गाउँपालिकाको आर्थिक प्रशासन तथा राजस्व शाखामा परीक्षा दस्तुर जम्मा गरी परीक्षा दस्तुर तिरेको भौचर/SuTRA को अर्धकट्टी सक्कल प्रति बुझाउनु पर्नेछ।

१०. **दरखास्त फाराम भर्ने मिति**: मिति २०८०/११/२७ देखि २०८०/१२/११ सम्म।

११. **परीक्षा सञ्चालन हुने मिति, समय र स्थान**: दरखास्त फाराम भर्ने अन्तिम म्याद सकिए पश्चात् गाउँपालिकाको सूचनापाटीमा टाँस तथा वेवसाईटमा सूचना प्रकाशन गरिने छ।

१२. **पाठ्यक्रम**: हिलिहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी, पाँचथर वा कार्यालयको वेवसाईट www.hilihangmun.gov.np मा गई हेर्न/पढ्न/डाउनलोड गर्न सकिनेछ।

१३. शैक्षिक योग्यता, अनुभव तथा अन्य प्रमाणपत्रहरूका सम्बन्धमा दरखास्त बुझाएको दिन सम्म जारी भएकोलाई मात्र मान्यता दिइने छ।

१४. आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पूर्ण अधिकार गाउँपालिकालाई हुनेछ।

१५. दरखास्त फाराम भर्दा आउने अस्पष्टताको सम्बन्धमा गाउँ कार्यपालिकाको कार्यालयको प्रशासन शाखामा वा ९८४४६२९१०२, ९८५२६६५५८८ सम्पर्क गरी बुझ्न सकिने छ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत